नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, ललितपुर

पत्र संख्या :- ०८२/०८३

☎ ४५७४९२१ – ४५७४९२२
M: info@dotm.gov.np
website:www.dotm.gov.np

नेपाल सवत:- ११४६

विषय: सार्वजिनक अनुरोध सम्बन्धमा

यातायात व्यवस्था विभागवाट हाल सवारी चालक अनुमति पत्र सम्वन्धी प्रणाली (EDL), सवारी साधन दर्तासम्वन्धी प्रणालीहरु (VRS तथा EVRS) को व्यवस्थापन तथा सञ्चालन गरी रहेको व्यहोरा अवगत नै छ। ती प्रणालीहरुमा निरन्तर सुधार तथा अद्यावधिक हुने क्रममा समेत रहेका छन्। यसका साथै प्रदेश सरकारमार्फत् मुलुकभर सवारी तथा यातायात कार्यालयहरुको संख्या विस्तार हुने क्रमसमेत जारी रहेको देखिन्छ। यस सन्दर्भमा यी प्रणालीहरुको सीमित क्षमता रहेको र कार्यालयहरुको विस्तार हुने क्रम जारी रहेको सन्दर्भमा आर्थिक वर्षको अन्त्यमा यातायात संवद्ध सेवाहरु प्राप्तिका लागि सवारी तथा यातायात कार्यालयहरुमा सेवाग्राहीहरुको अधिक चाप हुने गरेको अवस्था रहेको छ। सेवाग्राहीहरुको अधिक चापका कारण यस विभागवाट सञ्चालन तथा व्यवस्थापन हुने प्रणालीहरुमा आंशिक अवरोध उत्पन्न हुने गरेको छ। उक्त अवरोध तथा समस्याहरु यथाशीघ्र सम्वोधन तथा व्यवस्थापन गर्न गराउन विभाग प्रायसरत रहेको छ। यसवाट आम सेवाग्राही महानुभावहरुमा पर्न गएको असुविधाप्रति यातायात व्यवस्था विभाग क्षमाप्रार्थी छ।